स्थानीय राजपत्र

खण्ड १) गोल्जुङबेशी रसुवा, मिति २०८१/३/२० (अतिरिक्ताङ्क ३२)

भाग २

आमाछोदिङमो गाउँपालिकाद्वारा प्रकाशित सूचना

नेपालको संविधान बमोजिम आमाछोदिङमो गाउँपालिकाले ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि,२०८० बनाई सर्वसाधारण जनताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि,२०८०

१. परिचयः

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्दा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संबिधानको अनुसूची ८ को क्र.सं १६ बमोजिम तथा स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम आमाछोदिङमो गाउँपालिकाले ज्येष्ठ नागरिक परिचयपत्र बितरण कार्यविधि तयार पारी लागु गरेको छ ।

आमाछोदिङमो स्थानीय राजपत्र

२. परिचयपत्र वितरणका आधार:

नेपालको संबिधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार र स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को धारा ११ को दफा २ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचयपत्र बितरणका आधार हुनेछन् ।

३. उदेश्य:

(क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तह देखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने । उक्त लगत राख्ने कार्यमा एकरुपताका लागि अनुसूची २ को ढाँचामा लगत राख्नु पर्नेछ ।

(ख) नेपालको संबिधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको बर्गिकरण अनुसार सार्बजनिक सवारी साधन, सार्बजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्बजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुबिधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

(ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरूमा रहेको ज्ञान, सिप, क्षमता र अनुभबको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

४. लक्षित बर्ग: ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसार साठी बर्ष उमेर पूरा गरेको सबै नेपाली नागरिकहरु ।

५. ज्येष्ठ नागरिकहरुको बर्गिकरण: ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको बर्गिकरण देहाय बमोजिम गरिएको छ,

(क) साठी वर्ष पुरा गरी सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक ।

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको बरिष्ठ ज्येष्ठ नागरिक ।

(ग) असहाय ज्येष्ठ नागरिक ।

(घ) अशक्त ज्येष्ठ नागरिक ।

(ङ) एकल ज्येष्ठ नागरिक ।

(च) ६. परिचयपत्र वितरणका मापदण्डः ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी बर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्न सकिनेछ ।

७. ज्येष्ठ नागरिकलाई परिचयपत्रको ढाँचाः ज्येष्ठ नागरिक परिचयपत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिम हुनेछ । ज्येष्ठ नागरिक परिचयपत्रको आकार नेपाली नागरिकताको प्रमाणपत्रको आकार बराबर हुनेछ । उक्त परिचयपत्र एकातर्फ नेपाली भाषामा र पछाडी पट्टि अंग्रेजी भाषामा रुपान्तरण गरेको हुनेछ ।

८. परिचयपत्र बितरण प्रकृया : ज्येष्ठ नागरिक परिचयपत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा वडा अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

(क) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाणपत्र प्रतिलिपि र दुई प्रति अटो साईजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाणपत्रलाई आधार मानिनेछ ।

(ख) ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ ।

(ग) परिचयपत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत अनुसूची २ बमोजिमको ढाँचामा गाउँपालिकाको कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(घ) ज्येष्ठ नागरिक परिचयपत्र को प्रतिलिपि लिन सम्बन्धित वडाको सिफारीस सहित आमाछोदिङमो गाउँपालिकामा निवेदन पेस गर्नुपर्नेछ ।

अनुसूची १

आमाछोदिङमो गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, गोल्जुङबेशी, रसुवा

बागमती प्रदेश, नेपाल

ज्येष्ठ नागरिक परिचयपत्र

Senior Citizenship Card

क्र सं

नाम थर :

ना.प्र.नं :

ठेगाना :

वडा नं : टोल/गाउँ :

ज्येष्ठ नागरिक परिचय-पत्र

सम्पर्क गर्नुपर्ने व्यक्तिको नाम थर :

सम्पर्क ठेगाना :

रक्त समूह :

रोग भए रोगको नाम:

सेवन गरिएको औषधिको नाम :

प्रमाणित गर्ने अधिकृतको

दस्तखत :

नाम थर:

पद:

कार्यालयको छाप

अनुसूची २

जिल्ला रसुवा, आमाछोदिङमो गाउँपालिका,

बागमती प्रदेश, नेपाल

जेष्ठ नागरिक परिचय पत्र वितरण अभिलेख

सि. नं	नाम थर	जन्म मिति	बुवा/आमाको नाम थर	बाजेको नाम थर	पति / पत्नीको नाम थर	संरक्षकको नाम थर	ना.प्र.प.नं र जारि मिति र जिल्ला	ज्येष्ठ नागरिक परिचय पत्र नं र जारि मिति र जिल्ला	कैफियत फोटो सहित

आमाछोदिङमो स्थानीय राजपत्र

तयार गर्ने

नाम थर :

पदः

दस्तखतः

प्रमाणित गर्ने

नाम थरः

पदः

दस्तखतः

आज्ञाले

गोपाल प्रसाद दुलाल

प्रमुख प्रशासकिय अधिकृत